# आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान खारेजी : नेपालको समावेशी लोकतन्त्र, सांस्कृतिक अधिकार र राज्य पुनर्संरचनामाथिको प्रभाव

**विषय प्रवेश:**

नेपाल विश्वका थोरै राष्ट्रहरूमध्ये एक हो जहाँ भौगोलिक विविधतासँगै जातीय, भाषिक, धार्मिक तथा सांस्कृतिक विविधता अत्यन्त उच्च स्तरमा पाइन्छ। हिमालदेखि तराईसम्म फैलिएको नेपाली समाजमा १२५ भन्दा बढी जातीय समुदाय, १२३ भन्दा बढी भाषा तथा दर्जनौं सांस्कृतिक परम्पराहरू जीवित छन् । यही विविधताले नेपालको राष्ट्रिय पहिचान निर्माण गरेको छ। नेपाललाई एक मात्र भाषा, एक मात्र धर्म वा एक मात्र संस्कृति भएको राष्ट्रको रूपमा परिभाषित गर्न सकिँदैन । नेपालको वास्तविक शक्ति यसको बहुलतामा रहेको छ ।

यही ऐतिहासिक यथार्थलाई स्वीकार गर्दै नेपालको संविधान २०७२ ले नेपाललाई “बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त राष्ट्र”को रूपमा परिभाषित गरेको छ। संविधानको यो व्यवस्था केवल घोषणामात्र होइन, राज्य सञ्चालनको मार्गदर्शक सिद्धान्त पनि हो । संविधानले आदिवासी जनजाति, दलित, महिला, मधेसी, थारु, मुस्लिम, पिछडिएका क्षेत्र र अल्पसंख्यक समुदायहरूको अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

यस्तो अवस्थामा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान जस्तो संस्थाको खारेजी वा विघटनले गम्भीर बहस जन्माएको छ । धेरैले यसलाई प्रशासनिक पुनर्संरचनाको विषय मानेका छन् भने धेरैले यसलाई समावेशी राज्य व्यवस्थामाथिको आघातका रूपमा हेरेका छन् ।

प्रश्न केवल एउटा संस्थाको अस्तित्वको मात्र होइन। प्रश्न नेपालको राज्यदर्शन, समावेशी लोकतन्त्र, सांस्कृतिक अधिकार र ऐतिहासिक न्यायको हो।

## १. नेपालमा आदिवासी जनजातिको ऐतिहासिक पृष्ठभूमि

नेपालको इतिहासलाई केवल शाह वंश वा आधुनिक राज्य निर्माणको इतिहासमा सीमित गर्न सकिँदैन । नेपालको इतिहास हजारौं वर्ष पुरानो सभ्यता, संस्कृति र समुदायहरूको साझा इतिहास हो ।

नेपालको पहाडी भूभागमा तामाङ, गुरुङ, मगर, थकाली, सुनुवार, जिरेल, चेपाङ, हायु लगायतका समुदायहरू सदियौंदेखि बसोबास गर्दै आएका छन् । पूर्वी नेपालमा किराँत सभ्यता अन्तर्गत राई, लिम्बु, याक्खा र सुनुवार समुदायहरूको आफ्नै राज्य व्यवस्था, संस्कृति र परम्परा थियो। काठमाडौं

उपत्यकामा नेवार सभ्यताले व्यापार, कला, वास्तुकला र संस्कृतिको अद्वितीय विकास गरेको थियो । तराई क्षेत्रमा थारु समुदायले आफ्नै विशिष्ट जीवनपद्धति विकास गरेको थियो ।

यी समुदायहरूले नेपालको कृषि, व्यापार, कला, संस्कृति, भाषा, वास्तुकला तथा सैनिक परम्परामा उल्लेखनीय योगदान दिएका छन् । तर आधुनिक राज्य निर्माणको प्रक्रियामा उनीहरूको योगदानभन्दा पनि उनीहरूको पहिचान क्रमशः ओझेलमा पारियो ।

विशेष गरी राणा शासन र त्यसपछिको पञ्चायती व्यवस्थामा "एक भाषा, एक भेष, एक देश" को अवधारणालाई प्राथमिकता दिइयो । यसले नेपालका विविध समुदायहरूको पहिचानलाई गौण बनायो । धेरै मातृभाषाहरू सार्वजनिक जीवनबाट विस्थापित भए र विस्थापनको क्रममा छन् । सांस्कृतिक अभ्यासहरूलाई पिछडिएको वा स्थानीय परम्परा भनेर हेर्ने प्रवृत्ति विकसित भयो । फलस्वरूप आदिवासी जनजाति समुदायहरू राजनीतिक, प्रशासनिक, आर्थिक तथा शैक्षिक अवसरहरूबाट क्रमशः पछाडि परे ।

## २. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना किन आवश्यक भयो?

१९९० पछि नेपालमा प्रजातान्त्रिक आन्दोलनसँगै पहिचान र समावेशिताको बहस तीव्र हुन थाल्यो । विभिन्न अध्ययनहरूले आदिवासी जनजाति समुदायहरू राज्यका विभिन्न निकायहरूमा न्यून प्रतिनिधित्व भएको देखाए ।

यसै सन्दर्भमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ जारी गरियो।

प्रतिष्ठान स्थापना गर्नुको मुख्य उद्देश्य थियो:

- आदिवासी जनजातिको भाषा संरक्षण
- संस्कृति संरक्षण
- ऐतिहासिक दस्तावेजीकरण
- अनुसन्धान तथा प्रकाशन
- नीति निर्माणमा सहयोग
- क्षमता विकास
- समुदाय सशक्तीकरण

यस संस्थाले पहिलो पटक राज्यको तर्फबाट आदिवासी जनजातिको सवाललाई व्यवस्थित रूपमा सम्बोधन गर्ने प्रयास गरेको थियो ।

## ३. संविधान र अन्तर्राष्ट्रिय कानुनको दृष्टिकोण

नेपालको संविधानले सांस्कृतिक अधिकारलाई मौलिक हकको रूपमा स्वीकार गरेको छ। संविधानको धारा ३२ ले प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति तथा सभ्यताको संरक्षण र विकास गर्ने अधिकार प्रदान गरेको छ । धारा ५१ मा राज्यको दायित्व स्पष्ट रूपमा उल्लेख गरिएको छ कि नेपालका सबै जाति, भाषा, धर्म र संस्कृतिको संरक्षण र विकास गरिनेछ ।

त्यसैगरी नेपालले विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूमा हस्ताक्षर गरेको छ ।
जस्तै:

- UN Declaration on the Rights of Indigenous Peoples (UNDRIP)
- International Covenant on Civil and Political Rights
- Convention on Biological Diversity

यी दस्तावेजहरूले आदिवासी समुदायहरूको सांस्कृतिक, सामाजिक तथा राजनीतिक अधिकारको संरक्षण गर्न राज्यलाई बाध्य बनाउँछन् ।

यस आधारमा हेर्दा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान केवल एउटा कार्यालय नभई संविधान र अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयन गर्ने माध्यम पनि हो ।

## ४. प्रतिष्ठानले गरेका उपलब्धिहरू

विगत दुई दशकमा प्रतिष्ठानले विभिन्न क्षेत्रमा उल्लेखनीय काम गरेको छ ।

**भाषा संरक्षण** : धेरै लोपोन्मुख भाषाहरूको अभिलेखीकरण गरिएको छ ।
**अनुसन्धान** : दर्जनौं जातीय समुदायहरूको सामाजिक तथा आर्थिक अवस्था सम्बन्धी अध्ययन सम्पन्न भएका छन् ।
**प्रकाशन** : भाषा, संस्कृति, परम्परा र इतिहास सम्बन्धी सयौं पुस्तक तथा अनुसन्धान सामग्री प्रकाशित भएका छन् ।
**छात्रवृत्ति** : विभिन्न समुदायका विद्यार्थीहरूलाई अवसर प्रदान गरिएको छ।
**नीति निर्माण** : राज्यलाई आदिवासी जनजाति सम्बन्धी नीति बनाउन तथ्याङ्क र सुझाव उपलब्ध गराइएको छ ।

यदि यस्ता कार्यहरू गर्ने संस्था कमजोर वा खारेज गरिन्छ भने त्यसको असर केवल प्रशासनिक तहमा सीमित रहने छैन, ज्ञान उत्पादन र सांस्कृतिक संरक्षणमा समेत पर्नेछ ।

## ५. खारेजीको निर्णय किन विवादास्पद छ?

कुनै पनि सार्वजनिक संस्थाको पुनर्संरचना गर्न सकिन्छ । तर, प्रश्न खारेजीभन्दा पनि प्रक्रियाको हो । यदिः

- पर्याप्त अध्ययन गरिएको छैन?,
- समुदायसँग परामर्श गरिएको छैन,
- विकल्प प्रस्तुत गरिएको छैन,
- प्रभाव मूल्यांकन गरिएको छैन,

भने त्यस्तो निर्णयलाई लोकतान्त्रिक मान्न गाह्रो हुन्छ । विशेष गरी ऐतिहासिक रूपमा पछाडि पारिएका समुदायसँग सम्बन्धित संस्थाहरूको विषयमा राज्य अझ बढी संवेदनशील हुनुपर्छ ।

## ६. आदिवासी जनजाति संस्थाहरू किन आवश्यक छन् ?

नेपालमा आदिवासी जनजातिको सवाल केवल सांस्कृतिक कार्यक्रम, नाचगान वा जातीय पहिचानको विषय मात्र होइन । यो राज्यको संरचना, नागरिक अधिकार, अवसरको समान पहुँच, ऐतिहासिक न्याय र लोकतान्त्रिक सहभागितासँग प्रत्यक्ष जोडिएको विषय हो ।

विश्वका धेरै देशहरूमा राज्यले विशेष समुदायका लागि विशेष संस्थागत व्यवस्था गरेको पाइन्छ । यसको कारण कुनै समुदायलाई विशेष सुविधा दिनु होइन, बरु ऐतिहासिक असमानता कम गर्नु हो ।

नेपालमा आदिवासी जनजाति समुदायले लामो समयसम्म राज्यको मूलधारमा समान अवसर प्राप्त गर्न सकेनन् । सरकारी सेवामा सहभागिता न्यून रह्यो। उच्च शिक्षामा पहुँच सीमित रह्यो । नीति निर्माण तहमा प्रतिनिधित्व कमजोर रह्यो। धेरै मातृभाषाहरू विद्यालय र प्रशासनिक क्षेत्रमा प्रयोग हुन पाएनन् ।

यस्तो अवस्थामा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान एउटा पुलको रूपमा स्थापित भएको थियो । यो संस्था समुदाय र राज्यबीचको संवादको माध्यम बनेको थियो । यदि यस्तो संस्था हटाइन्छ भने राज्य र समुदायबीचको दूरी बढ्ने खतरा रहन्छ ।

## ७. भाषा संरक्षणको संकट

भाषा कुनै समुदायको आत्मा हो । भाषा हराउनु भनेको केवल शब्द हराउनु होइन ।
भाषा हराउनु भनेकोः

- इतिहास हराउनु

- ज्ञान हराउनु
- संस्कृति हराउनु
- पहिचान हराउनु हो ।

नेपालमा १२३ भन्दा बढी भाषाहरू बोलिन्छन् । धेरै भाषाहरू अहिले लोपोन्मुख अवस्थामा पुगेका छन् । युनेस्कोले समेत नेपालका धेरै भाषाहरूलाई संकटग्रस्त भाषाको सूचीमा राखेको छ । तामाङ, लिम्बु, थारु, गुरुङ, मगर, नेवारी जस्ता भाषाहरू तुलनात्मक रूपमा बलिया भए पनि धेरै साना समुदायका भाषाहरू हराउने जोखिममा छन् ।

यस्ता भाषाहरूको अभिलेखीकरण, शब्दकोश निर्माण, पाठ्यसामग्री विकास, भाषा अनुसन्धान तथा संरक्षणको काम प्रतिष्ठानले गर्दै आएको थियो । यदि संस्थागत संरचना हटाइयो भने भाषा संरक्षणका कार्यहरू विखण्डित हुने सम्भावना हुन्छ । राज्यले भाषा बचाउने कुरा भाषणमा मात्र होइन, संस्थागत अभ्यासमा देखाउनुपर्छ ।

## ८. सांस्कृतिक सम्पदा र राष्ट्रिय पहिचान

**नेपाल विश्व पर्यटन बजारमा किन चिनिन्छ? सगरमाथा मात्र भएर होइन ।**
नेपाल चिनिन्छः

- तामाङ संस्कृतिले
- शेर्पा संस्कृतिले
- थारु संस्कृतिले
- नेवार सभ्यताले
- किराँत परम्पराले
- गुरुङ र मगर संस्कृतिले
- बौद्ध तथा हिन्दू सम्पदाले

किनभने नेपाल विविधताको देश हो ।

यदि विविधतालाई संस्थागत रूपमा संरक्षण गर्ने निकायहरू कमजोर पारिन्छन् भने दीर्घकालमा नेपालको राष्ट्रिय पहिचान कमजोर हुन सक्छ । आज विश्वभर सांस्कृतिक उद्योग (Creative Industry) ठूलो अर्थतन्त्रको आधार बनेको छ ।

सांस्कृतिक पर्यटन, हस्तकला, मौलिक कला, भाषा, साहित्य, संगीत र परम्परागत ज्ञान आर्थिक स्रोत बन्न थालेका छन् । नेपालले यही सम्पदालाई जोगाएर विकास गर्नुपर्ने बेला छ ।

## ९. आदिवासी ज्ञान प्रणालीको महत्व

आधुनिक विज्ञानले आज मात्र स्वीकार गर्न थालेको धेरै ज्ञान आदिवासी समुदायहरूसँग सदियौंदेखि थियो ।
उदाहरण:

- वन संरक्षण
- जल व्यवस्थापन
- औषधीय वनस्पति
- जैविक कृषि
- पशुपालन
- प्राकृतिक विपद् व्यवस्थापन

धेरै आदिवासी समुदायको ज्ञान पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको छ । यदि राज्यले यी ज्ञान प्रणालीको अभिलेखीकरण गर्दैन भने भविष्यमा ठूलो बौद्धिक सम्पत्ति हराउन सक्छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले यस्ता ज्ञान प्रणालीलाई दस्तावेजीकरण गर्ने प्रयास गरिरहेको थियो । यसको खारेजीले ज्ञान संरक्षणमा नकारात्मक असर पार्न सक्छ ।

## १०. समावेशी लोकतन्त्र र विश्वासको प्रश्न

लोकतन्त्र केवल निर्वाचन होइन । लोकतन्त्र भनेको:

- सहभागिता
- प्रतिनिधित्व
- सम्मान
- विश्वास हो ।

कुनै समुदायले राज्यलाई आफ्नो पनि राज्य हो भन्ने महसुस गर्नुपर्छ । जब राज्यले कुनै समुदायसँग सम्बन्धित संस्थालाई हटाउँछ, त्यसले मनोवैज्ञानिक असर पनि पार्छ । प्रश्न उठ्न सक्छ:
“राज्यले हाम्रो अस्तित्वलाई कति महत्व दिन्छ?”
यही प्रश्नले सामाजिक विश्वास कमजोर बनाउन सक्छ । समावेशी लोकतन्त्रको मूल आधार भनेकै सबै समुदायलाई सम्मानित स्थान दिनु हो ।

## ११. नेपालको समावेशी आन्दोलनको इतिहास

२०४६ सालको जनआन्दोलनपछि नेपालमा लोकतन्त्र पुनःस्थापित भयो । तर त्यसपछि पनि धेरै समुदायहरूले आफूलाई राज्यबाट अलग अनुभव गरिरहेका थिए । त्यसैकारण:

- आदिवासी जनजाति आन्दोलन
- दलित आन्दोलन
- मधेसी आन्दोलन
- महिला आन्दोलन

जस्ता आन्दोलनहरू अगाडि बढे । यी आन्दोलनहरूको मूल उद्देश्य विशेष अधिकार प्राप्त गर्नु होइन, बराबरीको अधिकार प्राप्त गर्नु थियो ।

## १२. दोस्रो जनआन्दोलन र पहिचानको प्रश्न

२०६२/६३ को आन्दोलनपछि नेपालमा नयाँ राजनीतिक युग सुरु भयो । त्यसबेला राज्यले स्वीकार गर्यो कि नेपाल केवल एकात्मक सांस्कृतिक संरचनाबाट सञ्चालन हुन सक्दैन । त्यसपछि:

- समानुपातिक समावेशीकरण
- संघीयता
- बहुभाषिकता
- सांस्कृतिक अधिकार

जस्ता विषयहरू राष्ट्रिय एजेण्डा बने । प्रतिष्ठान यही ऐतिहासिक प्रक्रियाको उपज हो ।

## १३. संघीय नेपालको अवधारणा

संघीयता केवल प्रशासनिक पुनर्संरचना होइन । यो विविध समुदायको सम्मान र सहभागिताको व्यवस्था हो । यदि संघीयताले स्थानीय पहिचानलाई सम्मान गर्ने हो भने त्यससँग सम्बन्धित संस्थागत संयन्त्र पनि आवश्यक हुन्छ । प्रतिष्ठान यस्तै संयन्त्रमध्ये एक हो ।

## १४. सामाजिक न्यायको दृष्टिकोण

सामाजिक न्यायको अर्थ सबैलाई एउटै व्यवहार गर्नु मात्र होइन । सामाजिक न्यायको अर्थ: असमान अवस्थामा रहेका समुदायलाई समान अवसर दिलाउनु हो । यसलाई “सबस्टनटीभ इक्वालिटि” भनिन्छ ।
यसै कारण विश्वभर:

- महिला आयोग
- मानव अधिकार आयोग
- आदिवासी आयोग
- अल्पसंख्यक आयोग

जस्ता संस्थाहरू स्थापना गरिएका छन् ।

## १५. भविष्यको नेपाल कस्तो बनाउने?

नेपाललाई यदि वास्तवमै समृद्ध बनाउने हो भने:

- विविधता स्वीकार्नुपर्छ
- भाषा संरक्षण गर्नुपर्छ
- संस्कृति संरक्षण गर्नुपर्छ
- समुदायलाई साझेदार बनाउनुपर्छ

एकरूपता थोपरेर समृद्धि सम्भव हुँदैन ।

## १६. के आदिवासी जनजाति सम्बन्धी संस्थाहरू खर्च मात्र हुन्?

नेपालमा कुनै पनि संस्था खारेज गर्दा सामान्यतया "राज्यको खर्च घटाउने" तर्क प्रस्तुत गरिन्छ । पहिलो दृष्टिमा यो तर्क आकर्षक देखिन्छ । राज्यकोषमा भार कम हुन्छ, प्रशासनिक संरचना सानो हुन्छ र कार्यक्षमता बढ्ने अपेक्षा गरिन्छ । तर विकास अर्थशास्त्रको दृष्टिकोणले हेर्दा सबै खर्च बोझ हुँदैनन् । केही खर्चहरू वास्तवमा लगानी हुन्छन् । उदाहरणका लागि:

- विद्यालय खर्च होइन, मानव पूँजीमा लगानी हो ।
- अस्पताल खर्च होइन, स्वास्थ्य सुरक्षामा लगानी हो ।
- अनुसन्धान खर्च होइन, भविष्यको ज्ञानमा लगानी हो ।

त्यसैगरी आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान पनि केवल प्रशासनिक कार्यालय होइन । यो सामाजिक पूँजी निर्माण गर्ने संस्था हो । विश्व बैंकले सामाजिक पूँजी (Social Capital) लाई विकासको प्रमुख आधार मानेको छ । समुदायबीच विश्वास, सहभागिता र सहकार्य निर्माण गर्ने संस्थाहरू विकासका पूर्वाधार हुन् । यदि यस्ता संस्थाहरू हटाइए भने तत्काल केही बजेट बच्न सक्छ, तर दीर्घकालमा सामाजिक असन्तोष, सांस्कृतिक क्षति र विकासमा असमानता बढ्नसक्छ ।

## १७. नेपालको अर्थतन्त्रमा आदिवासी जनजातिको योगदान

नेपालको कृषि, पर्यटन, वन, हस्तकला र श्रम बजारमा आदिवासी जनजाति समुदायको भूमिका अत्यन्त महत्वपूर्ण छ ।

**कृषि :** नेपालका पहाडी र हिमाली क्षेत्रको कृषि प्रणाली आदिवासी समुदायको परम्परागत ज्ञानमा आधारित छ ।

**पर्यटन :** शेर्पा, तामाङ, गुरुङ, थकाली, थारु लगायतका समुदायहरूको संस्कृति नै नेपालको पर्यटन आकर्षणको आधार बनेको छ ।

**हस्तकला :** नेवार कला, तामाङ हस्तकला, गुरुङ बुनाइ, थारु कला अन्तर्राष्ट्रिय स्तरमा परिचित छन् ।

**जैविक विविधता संरक्षण**

नेपालका धेरै सामुदायिक वनको सफल व्यवस्थापनमा आदिवासी समुदायको भूमिका रहेको छ । यस आधारमा हेर्दा आदिवासी जनजाति समुदाय विकासको उपभोक्ता मात्र होइनन्, विकासका उत्पादक शक्ति पनि हुन् ।

## १८. शिक्षा र आदिवासी समुदाय

नेपालमा शिक्षा प्रणाली लामो समयसम्म एकभाषिक र केन्द्रीकृत रह्यो । यसले मातृभाषा बोल्ने धेरै बालबालिकालाई प्रतिकूल असर गऱ्यो । युनेस्कोका विभिन्न अध्ययनहरूले मातृभाषामा प्रारम्भिक शिक्षा प्राप्त गर्ने विद्यार्थीहरूको सिकाइ क्षमता बढी हुने देखाएका छन् ।

**आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले:**

- मातृभाषा शिक्षा
- पाठ्य सामग्री विकास
- भाषा अनुसन्धान
- शिक्षक प्रशिक्षण

जस्ता क्षेत्रमा सहयोग गर्दै आएको थियो ।
यदि यस्तो संस्था हटाइन्छ भने मातृभाषा शिक्षाको अभियान कमजोर हुन सक्छ ।

## १९. ज्ञान उत्पादन र अनुसन्धानको संकट

नेपालको एउटा ठूलो समस्या भनेको अनुसन्धानमा कमजोर लगानी हो । आदिवासी जनजाति सम्बन्धी धेरै तथ्यांक, अध्ययन र अनुसन्धान प्रतिष्ठानकै माध्यमबाट भएका छन् । यदि संस्था हटाइयो भने:

- जातीय अध्ययन कमजोर हुन्छ ।
- भाषा अनुसन्धान घट्छ ।
- सांस्कृतिक अभिलेख संरक्षण प्रभावित हुन्छ ।
- नीति निर्माणका लागि तथ्यगत आधार कमजोर हुन्छ ।

विकसित राष्ट्रहरू अनुसन्धान केन्द्र बढाइरहेका छन् । नेपालले भने अनुसन्धान संस्थाहरू घटाउने बाटो रोज्नु कति उचित हुन्छ भन्ने प्रश्न उठ्छ ।

## २०. विकास र पहिचानबीचको सम्बन्ध

के पहिचानको कुरा गर्नेहरू विकास विरोधी हुन्? यो प्रश्न धेरैपटक उठाइन्छ । तर विश्व अनुभवले देखाउँछः पहिचान र विकास एकअर्काका विरोधी होइनन् ।

न्युजिल्याण्डमा माओरी संस्कृति संरक्षण हुँदै आर्थिक विकास भएको छ । क्यानडामा आदिवासी अधिकारलाई सम्मान गर्दै आधुनिक विकास भएको छ । नर्वेमा सामी समुदायको अधिकार सुरक्षित राखेर समृद्ध अर्थतन्त्र निर्माण गरिएको छ । त्यसैले पहिचान र विकासलाई प्रतिस्पर्धी होइन, पूरक रूपमा हेर्नुपर्छ ।

## २१. नेपालमा आदिवासी आन्दोलनको ऐतिहासिक यात्रा

लिच्छवी कालदेखि आधुनिक नेपालसम्म नेपालका आदिवासी समुदायहरू आधुनिक राष्ट्र निर्माणभन्दा धेरै पुराना छन् । काठमाडौं उपत्यकाको नेवार सभ्यता, पूर्वी नेपालको किराँत सभ्यता, हिमाली क्षेत्रका शेर्पा र तामाङ समुदायहरूको ऐतिहासिक उपस्थिति नेपालको राज्य निर्माणभन्दा अगाडिको हो । तर आधुनिक राज्य निर्माणको क्रममा उनीहरूको राजनीतिक शक्ति क्रमशः कमजोर बनाइयो ।

## २२. पञ्चायतकालको एकरूपीकरण नीति

पञ्चायतकालमाः “एक भाषा, एक भेष, एक देश“ को नीतिले विविधतालाई कमजोर बनायो । स्थानीय भाषाहरू विद्यालयबाट हराउन थाले । धेरै सांस्कृतिक अभ्यासहरू सार्वजनिक जीवनबाट बाहिरिए । यसले आदिवासी समुदायमा सांस्कृतिक असुरक्षा बढायो ।

## २३. २०४६ पछिको पुनर्जागरण

बहुदलीय व्यवस्थाको पुनःस्थापनासँगैः

- भाषा आन्दोलन
- सांस्कृतिक आन्दोलन
- पहिचान आन्दोलन तीव्र बने ।

यसले नेपाललाई बहुलतावादी दिशामा अगाडि बढायो ।

## २४. २०६२/६३ आन्दोलन र समावेशी राज्य

जनआन्दोलनपछि नेपालले स्वीकार गर्‍यो कि विगतको राज्य संरचनाले सबैलाई समान अवसर दिन सकेको थिएन ।
त्यसैलेः

- संघीयता
- समावेशीकरण
- समानुपातिक प्रतिनिधित्व

जस्ता अवधारणाहरू स्थापित भए । प्रतिष्ठान पनि यही परिवर्तनको एउटा अंग थियो ।

## २५. वर्तमान चुनौती

आज पनि धेरै आदिवासी समुदायहरूः

- गरिबी
- बेरोजगारी
- शैक्षिक पछौटेपन
- प्रतिनिधित्वको कमी

जस्ता समस्यासँग संघर्ष गरिरहेका छन् । यस्तो अवस्थामा संस्थागत संरचना कमजोर पार्नु समाधान होइन भन्ने तर्क बलियो देखिन्छ ।

## २६. नेपालको संविधानको प्रस्तावना र आदिवासी जनजाति

कुनै पनि राष्ट्रको संविधान केवल कानुनी दस्तावेज मात्र हुँदैन, त्यो राष्ट्रको राजनीतिक दर्शन, ऐतिहासिक अनुभव र भविष्यको मार्गचित्र पनि हो। नेपालको संविधान २०७२ को प्रस्तावना पढ्दा

स्पष्ट हुन्छ कि यो संविधान दशकौंको संघर्ष, जनआन्दोलन, समावेशीकरणको माग तथा ऐतिहासिक रूपमा पछाडि पारिएका समुदायहरूको सहभागिताबाट निर्माण भएको हो ।

संविधानको प्रस्तावनामा "विविधताबीचको एकता" लाई राष्ट्रको आधार मानिएको छ । यो शब्द केवल साहित्यिक सौन्दर्यका लागि राखिएको होइन। यसको अर्थ नेपालमा रहेका विभिन्न जाति, भाषा, धर्म, संस्कृति र समुदायहरूको अस्तित्वलाई राज्यले सम्मान गर्ने प्रतिबद्धता व्यक्त गर्नु हो । यदि राज्यले विविधतालाई संविधानमा स्वीकार गर्छ भने त्यसलाई कार्यान्वयन गर्ने संस्थागत संरचना पनि आवश्यक हुन्छ। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान त्यही संवैधानिक दर्शनलाई व्यवहारमा उतार्ने माध्यमका रूपमा विकसित भएको थियो । त्यसैले प्रतिष्ठानको भविष्य सम्बन्धी बहसलाई केवल प्रशासनिक पुनर्संरचनाको प्रश्नका रूपमा हेर्न सकिँदैन। यो संविधानको आत्मासँग जोडिएको विषय हो ।

## २७. धारा ३२ : भाषा र संस्कृतिको मौलिक हक

नेपालको संविधानको धारा ३२ ले प्रत्येक व्यक्ति तथा समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता तथा सम्पदाको संरक्षण र विकास गर्ने मौलिक अधिकार प्रदान गरेको छ । मौलिक हक भनेको राज्यले संरक्षण गर्नैपर्ने अधिकार हो । यदि कुनै समुदायलाई आफ्नो भाषा जोगाउन संस्था चाहिन्छ, अनुसन्धान चाहिन्छ, दस्तावेजीकरण चाहिन्छ भने राज्यले त्यसलाई सहयोग गर्नुपर्छ ।

**यहां एउटा महत्वपूर्ण प्रश्न उठ्छः**
यदि राज्यले अधिकार दिन्छ तर त्यसलाई कार्यान्वयन गर्ने संस्थागत आधार हटाउँछ भने त्यो अधिकार व्यवहारमा कति प्रभावकारी रहन्छ ? कागजमा लेखिएको अधिकार र व्यवहारमा प्राप्त अधिकारबीच ठूलो अन्तर हुन्छ । प्रतिष्ठान जस्ता संस्थाहरू यही अन्तर कम गर्ने माध्यम हुन् ।

## २८. समानताको सिद्धान्त र सकारात्मक विभेद

नेपालको संविधानले सबै नागरिकलाई समानताको अधिकार दिएको छ । तर आधुनिक संवैधानिक व्यवस्थाले केवल "औपचारिक समानता" लाई पर्याप्त मान्दैन । यदि एक जना धनी र एक जना गरिबलाई समान अवसर दिइयो भने वास्तविक परिणाम समान नहुन सक्छ । त्यसैले संविधानले सकारात्मक विभेद (Affirmative Action) लाई स्वीकार गरेको छ ।

यसको अर्थः ऐतिहासिक रूपमा पछाडि पारिएका समुदायलाई विशेष सहयोग प्रदान गर्नु । आदिवासी जनजाति सम्बन्धी संस्थाहरू यही संवैधानिक सिद्धान्तको परिणाम हुन् ।

## २९. राज्यको दायित्व : संरक्षण कि नियन्त्रण?

आधुनिक लोकतान्त्रिक राज्यको दायित्व केवल कर उठाउनु र सुरक्षा दिनु मात्र होइन । राज्यलेः

- भाषा जोगाउनुपर्छ।
- संस्कृति जोगाउनुपर्छ।
- सम्पदा जोगाउनुपर्छ।
- विविधता जोगाउनुपर्छ।

आज विश्वका धेरै राष्ट्रहरूले आफ्नो सांस्कृतिक सम्पदा संरक्षणमा अरबौं डलर लगानी गरिरहेका छन् ।

**किन**?

किनभने संस्कृति राष्ट्रिय सम्पत्ति हो । यदि संस्कृति जोगाउन बनाइएको संस्थालाई अनावश्यक मानिन्छ भने भविष्यमा सांस्कृतिक सम्पदाको संरक्षण कसरी हुनेछ भन्ने प्रश्न उठ्छ ।

## ३०. संविधानको भावना र प्रशासनिक पुनर्संरचना

राज्यले प्रशासनिक सुधार गर्न सक्छ । संस्था गाभ्न सक्छ । संरचना परिवर्तन गर्न सक्छ । तर कुनै पनि सुधार संविधानको भावना विपरीत हुन सक्दैन । यदि सुधारले समावेशितालाई कमजोर बनाउँछ भने त्यसमाथि पुनर्विचार आवश्यक हुन्छ । यसैले प्रतिष्ठान सम्बन्धी निर्णय गर्दा प्रशासनिक दृष्टिकोण मात्र होइन, संवैधानिक दृष्टिकोण पनि आवश्यक हुन्छ ।

## ३१. आदिवासी जनजाति र अन्तर्राष्ट्रिय कानुन

संयुक्त राष्ट्रसंघीय आदिवासी अधिकार घोषणापत्र (UNDRIP) सन् २००७ मा संयुक्त राष्ट्रसंघले आदिवासी जनताको अधिकार सम्बन्धी घोषणापत्र पारित गर्‍यो । यसले आदिवासी समुदायलाईः

- आत्मपहिचानको अधिकार
- सांस्कृतिक अधिकार
- भाषा अधिकार
- परम्परागत ज्ञानको अधिकार
- विकासमा सहभागिताको अधिकार स्वीकार गरेको छ ।

नेपालले पनि यस घोषणापत्रलाई समर्थन गरेको छ । त्यसैले नेपालसँग नैतिक तथा राजनीतिक दायित्व रहेको छ ।

## ३२. आइ एल ओ कन्भेन्सन १६९ (ILO Convention 169)

ILO169 आदिवासी तथा जनजातीय समुदायको अधिकार सम्बन्धी महत्वपूर्ण अन्तर्राष्ट्रिय सन्धि हो । नेपाल यसलाई अनुमोदन गर्ने दक्षिण एशियाको पहिलो राष्ट्र हो । यस सन्धिले राज्यलाई निम्न दायित्व दिन्छः

- परामर्श
- सहभागिता
- सांस्कृतिक संरक्षण
- परम्परागत संस्थाको सम्मान

यदि कुनै निर्णयले आदिवासी समुदायलाई प्रत्यक्ष असर पार्छ भने उनीहरूसँग परामर्श आवश्यक मानिन्छ ।

## ३३. युनेस्को ग्ल्भ्क्त्रऋइ र सांस्कृतिक विविधता

युनेस्कोले सांस्कृतिक विविधतालाई मानवताको साझा सम्पत्ति मानेको छ । कुनै भाषा हराउनु भनेको विश्वको सम्पत्ति हराउनु हो । नेपालका धेरै भाषाहरू संकटमा छन् । त्यसैले संरक्षणको आवश्यकता झन् बढेको छ ।

## ३४. विश्वव्यापी अभ्यास

विकसित देशहरूले आदिवासी संस्थाहरू घटाएका छैनन् । बरुः

- अनुसन्धान केन्द्र बढाएका छन्।
- भाषा प्रतिष्ठान स्थापना गरेका छन्।
- सांस्कृतिक कोष स्थापना गरेका छन्।

यसले एउटा सन्देश दिन्छः “विविधता विकासको बाधा होइन, सम्पत्ति हो ।”

## ३५. नेपालको अन्तर्राष्ट्रिय छवि

नेपालले अन्तर्राष्ट्रिय मञ्चमा आफूलाई बहुसांस्कृतिक, बहुभाषिक र समावेशी राष्ट्रका रूपमा प्रस्तुत गर्दै आएको छ । यदि व्यवहारमा त्यही मूल्य कमजोर बनाइन्छ भने नेपालको अन्तर्राष्ट्रिय छविमा पनि प्रश्न उठ्न सक्छ ।

## ३६. जनगणना, तथ्याङ्क र यथार्थ

नेपालको जनगणनाले आदिवासी जनजाति समुदायको जनसंख्या उल्लेखनीय रहेको देखाउँछ। यो कुनै सानो समुदायको विषय होइन । यो करोडौं नेपालीको विषय हो । नेपालमा ५९ वटा आदिवासी जनजाति समुदायलाई आधिकारिक मान्यता दिइएको छ । यी समुदायहरूको भाषा, संस्कृति र सामाजिक अवस्था फरक-फरक छ। त्यसैले एउटै नीति पर्याप्त हुँदैन। विशेष अध्ययन आवश्यक हुन्छ।

धेरै समुदाय अझै:

- शिक्षा
- स्वास्थ्य
- रोजगार
- प्रतिनिधित्व

क्षेत्रमा राष्ट्रिय औसतभन्दा पछाडि छन्। यस्ता तथ्याङ्क संकलन र विश्लेषण गर्ने संस्थाहरू कमजोर हुँदा नीति निर्माण पनि कमजोर हुन सक्छ। विकासको पहिलो सर्त सही तथ्याङ्क हो। प्रतिष्ठानले यही क्षेत्रमा पनि योगदान पुऱ्याएको छ।

## ३७. आदिवासी जनजाति, संघीयता र नेपालको भविष्य

संघीयता नेपालको राजनीतिक परिवर्तनको प्रमुख उपलब्धि हो । संघीयताको आधार केवल प्रशासनिक विभाजन होइन । यसको आधार विविधताको सम्मान पनि हो । यदि संघीयता विविधताको सम्मानका लागि हो भने भाषा, संस्कृति र पहिचानसँग सम्बन्धित संस्थाहरू अझ आवश्यक हुन्छन्। स्थानीय सरकारहरूलाई भाषा र संस्कृति संरक्षणमा भूमिका दिइएको छ। तर राष्ट्रिय स्तरको समन्वयकारी संस्था पनि आवश्यक हुन्छ।

राष्ट्रिय नीति, अनुसन्धान र अभिलेखीकरणको काम स्थानीय तहले मात्र गर्न सक्दैन। यसका लागि राष्ट्रिय संरचना चाहिन्छ। त्यसैले संघीय नेपालको सन्दर्भमा पनि प्रतिष्ठानको भूमिका सान्दर्भिक देखिन्छ।

## ३८. अन्तिम विमर्श : नेपाल कस्तो राष्ट्र बन्न चाहन्छ?

नेपालले भविष्यमा कुन बाटो रोज्ने?
**पहिलो बाटो**: एकरूपताको ।
**दोस्रो बाटो**: विविधताको सम्मानसहितको राष्ट्रिय एकताको ।

आधुनिक लोकतान्त्रिक राष्ट्रहरूले दोस्रो बाटो रोजेका छन् । किनकि राष्ट्रिय एकता र सांस्कृतिक विविधता परस्पर विरोधी होइनन् । बरु विविधताको सम्मानबाट नै दिगो एकता निर्माण हुन्छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान सम्बन्धी बहस अन्ततः एउटा संस्थाको बहस होइन । यो नेपालको राज्यदर्शन, संविधानको आत्मा, समावेशी लोकतन्त्र र भावी पुस्तालाई कस्तो नेपाल हस्तान्तरण गर्ने भन्ने प्रश्नको बहस हो । यदि नेपाललाई वास्तवमै “सबैको नेपाल“ बनाउने हो भने विकास, सुशासन र प्रशासनिक सुधारसँगै भाषा, संस्कृति, इतिहास र पहिचानको संरक्षणलाई पनि समान महत्व दिनुपर्ने हुन्छ ।



राष्ट्रको गौरव

गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् ।

gorkhapatraonline.com

संस्करण | विवेचना | शिक्षा बजेट अपर्याप्त | नेपाल र भारतका व्यक्तिगत खाताबाट प्रत्य

2026 June 8 Monday

# बिस अर्ब बचत हुने आकलन

**नगेन्द्र सापकोटा**
*काठमाडौं, जेठ २४ गते*

सरकारले अनावश्यक र कार्यबोझ भएका ३१ वटा सरकारी निकाय खारेज गरेको छ। त्यस्तै १८ वटा निकायको पुनर्संरचना र छ वटा निकाय गाभेको (मर्जर) छ। दोहोरो कार्यक्षेत्र भएका, अनुत्पादक र अनावश्यक वित्तीय भार भएका विकास समिति, विशेष ऐन, गठन आदेश वा छुट्टै कानुन, मन्त्रीपरिषद् र मन्त्रीस्तरीय निर्णयबाट सिर्जना भएका बोर्ड, समिति, कोष र प्राधिकरण जस्ता निकाय कामको प्रकृतिका आधारमा खारेजी, गाभिएको र पुनर्संरचना गरिएका हुन्।

अनावश्यक कार्यबोझ भएका निकाय खारेज गरेसँगै राज्यका लागि २० अर्ब रुपियाँ बचत हुने अपेक्षा सरकारले गरेको छ। खारेज भएका, मर्ज र पुनर्संरचना गरेका निकायको र कार्यप्रकृतिका आधारमा साबिकका सरकारी निकायलाई सम्बन्धित प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिएको प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ। सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा ३१ वटा निकाय खारेजी, १८ वटा निकायको पुनर्संरचना र छ वटा निकायको मर्जर गरिएको उल्लेख गरेको छ।

खारेज भएका निकायमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, रेलवे बोर्ड नेपाल, सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण, व्यापार तथा निकासी प्रवर्धन केन्द्र खारेज भएका छन्। त्यस्तै भानुभक्त प्राणी उद्यान छिकने तनहुँ, वन पैदावर विकास समिति अन्तर्गतका आयोजना र परियोजना, राष्ट्रिय प्राणी उद्यान सूर्यविनायक भक्तपुर, बौद्ध दर्शन तथा गुम्बा विकास समिति, राष्ट्रिय दुग्ध विकास बोर्ड, युवा तथा साना व्यावसायिक स्वरोजगार कोष खारेज भएका छन्। औद्योगिक विकास व्यवसाय

» बाँकी पृष्ठ २ मा

## बिस अर्ब...

प्रतिष्ठान काठमाडौं, उपत्यका विकास प्राधिकरण, अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति, फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट खेलमैदान तथा खेलग्राम पूर्वाधार निर्माण समिति, जग्गा विकास चक्र कोष र नगर विकास समितिलगायतका निकाय खारेजीमा परेका छन् । प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सहसचिव डा. भीष्मकुमार भुसालले अनावश्यक कार्यालय खारेजी हुँदा राज्यको ठुलो लगानी बचत भई वित्तीय सुशासन कायम हुने अपेक्षा सरकारले गरेको बताउनुभयो।

सरकारले हालै जारी गरेको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा 'सङ्घ, प्रदेश तथा स्थानीय तहको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको राष्ट्रिय मापदण्ड १५ दिनभित्र तर्जुमा गरी स्वीकृत गर्ने उल्लेख छ। सङ्घ, प्रदेश र स्थानीय तहका समान प्रकृतिका कार्यालय र एउटै काममा दोहोरो, तेहोरोपना भएका कार्यालयलाई गाभ्ने नीति बनाई सुशासन मार्गचित्र तयार गरिएको थियो। अघिल्लो सरकारले पटक पटक प्रतिफल नदिने, कर्मचारीको तलब, सवारीसाधन र कार्यालयलगायतमा आर्थिक भार थपिरहने संस्थान र कार्यालय खारेज गर्ने घोषणा गरेको थियो। तर उक्त निर्णय कार्यान्वयनमा भने आउन सकेको थिएन।

### गाभिएका कार्यालय

कानुन किताब व्यवस्था समिति मुद्रण विभागमा गाभिएको छ भने किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र विकास समिति स्वास्थ्य मन्त्रालयको इपिडिमियोलोजी महाशाखामा गाभिएको छ। राष्ट्रिय चिया तथा कफी विकास बोर्ड सम्बन्धित प्रदेशमा हस्तान्तरण गरिएको, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, खानेपानी संस्थान केन्द्रीय कार्यालय र खानेपानी महसुल निर्धारण आयोगलाई आपसमा गाभिएको प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ। त्यस्तै नेपाल इन्टरमोडल यातायात विकास समिति र नेपाल पारवहन तथा गोदाम लिमिटेड, नेपाल पर्वतीय प्रतिष्ठान र नेपाल पर्यटन तथा होटल व्यवस्थापनमा गाभिएका छन्।

प्रशासन तथा कानुनविद् काशीराज दाहालले यसअगाडि बनेका विभिन्न आयोगले सरकारलाई अनावश्यक कार्यालय खारेज गर्न सिफारिस गरेको तर अहिलेसम्म कार्यालय खारेज नहुँदा राज्यलाई अनावश्यक आर्थिक दायित्व बढिरहेको बताउनुभयो।

पुनर्संरचना गरिएको

चिकित्सा शिक्षा विज्ञान प्रतिष्ठान (चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली, पोखरा र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान पुनर्संरचना गरी यससँग सम्बन्धित छाता ऐन निर्माण गरी व्यवस्थापन सुदृढीकरण गरिने छ। त्यस्तै राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम जिल्लास्तरका कार्यालय हटाई सात प्रदेशमा राखिने भएको छ। कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने वा लिजमा दिने भन्नेबारे थप अध्ययन गर्नुपर्ने गरी प्रतिवेदनमा औँल्याइएको छ।

**निष्कर्ष:**

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान कुनै साधारण प्रशासनिक निकाय मात्र होइन । यो नेपालको बहुलता, समावेशिता र सांस्कृतिक विविधताको संस्थागत अभिव्यक्ति हो ।

खर्च कटौती, प्रशासनिक पुनर्संरचना वा कार्यदक्षता सुधार आवश्यक हुन सक्छ । तर कुनै पनि निर्णयले नेपालको बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक चरित्रलाई कमजोर पार्नु हुँदैन ।

यदि प्रतिष्ठान खारेज गर्ने निर्णय सरोकारवालासँग पर्याप्त परामर्श, प्रभाव अध्ययन र वैकल्पिक संरचना बिना गरिएको हो भने त्यसलाई पुनर्विचार गर्नु लोकतान्त्रिक राज्यको दायित्व हुन्छ ।

नेपालको शक्ति एकरूपतामा होइन, विविधतामा छ। आदिवासी जनजाति समुदायको भाषा, संस्कृति, इतिहास र ज्ञानको संरक्षण केवल एउटा समुदायको मुद्दा होइन; यो सम्पूर्ण नेपालको साझा राष्ट्रिय सम्पत्ति हो। त्यसैले यस्ता संस्थाहरूको भविष्यबारे निर्णय गर्दा तत्कालीन प्रशासनिक बचतभन्दा दीर्घकालीन राष्ट्रिय हितलाई केन्द्रमा राख्न आवश्यक छ ।

सन्दर्भः


१. आदिवासी जनजाति विकासको लागि राष्ट्रिय प्रतिष्ठान (NFDIN)। (२००२)। आदिवासी जनजाति विकासको लागि राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ (२००२)। नेपाल सरकार ।

२. गुरुङ, एच., भट्टचन, के. बी., गुरुङ, एस., र भुजु, एन. (२००६)। आदिवासी जनजातिको नेपाल ग्रन्थसूची (जनजाति)। आदिवासी जनजाति विकासको लागि राष्ट्रिय प्रतिष्ठान (NFDIN), ललितपुर ।

३. अन्तर्राष्ट्रिय श्रम संगठन (ILO)। (१९८९)। आदिवासी तथा आदिवासी जनजाति महासन्धि, १९८९ (नम्बर १६९)। ILO, जेनेभा ।

४. संयुक्त राष्ट्र महासभा । (२००७)। आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्र घोषणापत्र (UNDRIP)। संयुक्त राष्ट्र संघ, न्यूयोर्क ।

५. नेपाल सरकार (२०१५) । नेपालको संविधान, २०१५। नेपाल सरकार, काठमाडौँ ।


लेखकः लेखक आदिवासी जनजाति अभियन्तहुनुका साथै आदिवासी जनजाति महासंघको स्थापना देखि चौथो महाधिवेसनसम्मा कार्यालय सचिवको रुपमा कार्यरत रहेको तथा केही राष्ट्रिय तथा अन्तराष्ट्रिय आदिवासी भेलाहरुमा सहभागीता जनाइसकेका छन् । लेखक राजनीति शास्त्रमा स्नाकोत्तरसम्म अध्ययन गर्नुका साथै विभिन्न सामाजिक संघसंस्थाहरुमा सक्रिय रहँदै आएको छ ।




लेखकः बिगेन्द्र सिंह वाईबा, ०९५१२०४१९७
प्रमुखः रिसर्च एण्ड डेभलपमेन्ट विभाग,

मल्टी एग्रो नेशनल इन्भेष्टमेन्ट कम्पनी,
बसुन्धारा काठमाडौं ।